# विपद् र बाल संरक्षणका उपायहरु

## नेपालमा आउन सक्ने विपद्हरु




### भूकम्प

भूकम्प एक प्राकृतिक प्रकोप हो । भूकम्पको कारणले मानव संरचनाहरु भत्किएर वा प्राकृतिक सम्पदा जस्तै पहाड, हिम पहिरो, तालतलैया विष्फोट भएर जन धनको क्षति भएपछि विपद्को स्वरुप लिन्छ । यसैगरी भूकम्पको कारणले समुद्रमा सुनामी आउँदा पनि विपद्को रुप लिन सक्छ । जस्तै : २०७२ साल बैशाखमा गएको भूकम्प र यसले पुऱ्याएको जन धनको क्षतिलाई लिन सकिन्छ ।




### आगलागी

आगलागी मानव सिर्जित र प्राकृतिक दुवै कारणले सिर्जना हुने विपद् हो ।  मानिसले आगोको प्रयोगमा होसियारी नअपनाएको कारणबाट हुन सक्छ भने हावा हुरी, चट्याङ जस्ता प्राकृतिक कारणबाट पनि आगो लाग्न सक्छ । आगलागीमा जलेका प्लाष्टिकका समाग्रीहरुबाट निस्कने विषाक्त धुवाँले स्वास्थ्यमा हानि पुऱ्याउँछ । प्लाष्टिकका सामानमा लागेको आगोले थप आगो फैलाउन सक्छ ।




### बाढी पहिरो

वन जङ्गलको अनियन्त्रित फडानी र वर्षादको समयमा हुने अत्यधिक वर्षाको कारण बाढी पहिरोको प्रकोप आउने गर्दछ । यसबेला तराईमा डुबान हुने गर्दछ भने पहाडतिर पहिरो जाने गर्दछ । प्रत्येक वर्ष यसबाट धेरै भौतिक एवं मानवीय क्षति हुने गरेको छ ।




### चट्याङ

नेपालमा आइरहने प्राकृतिक प्रकोपहरुमध्ये चट्याङ पनि एक हो । मौसम परिवर्तनसँगै तातो हावा र चिसो हावाको बीचमा एक आपसमा असन्तुलन पैदा भई गर्जनसहित विद्युतीय शक्ति निस्कनुलाई हामी चट्याङ भनेर भन्ने गर्दछौ । नेपालमा वर्षेनी चट्याङका कारण मानिसहरुको मृत्यु हुने गरेको छ । यो घर, विद्यालय, बिजुलीको खम्बा, रुखलगायत कुनै पनि स्थानमा पर्न सक्ने भएकोले यसले प्राकृतिक विपद्को रुप लिने गरेको छ ।



### महामारी

वातावरण प्रदुषण, स्वच्छ खानेपानी तथा सरसफाइको अभावले गर्दा एक क्षेत्रमा देखा परेको रोग छोटो समयमै फैलिएर धेरै मानिसहरु बिमारी पर्ने र मर्ने अवस्थालाई नै महामारी भनिन्छ । यसरी महामारीको कारणबाट बालबालिका, वृद्धवृद्धालगायत जो कोहीको पनि अकारण ज्यान जान सक्छ ।